# बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

**नयाँ बानेश्वर, थापागाउँ**
०१ ५२४४०६२

**इमेलः** czopp.central@gmail.com **वेवसाइटः** www.czopnepal.org


## अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नोभेम्वर २०) को शुभकामना

Inclusion, For Every Child भन्ने नाराका साथ आज विश्वभर मनाउन लागिएको अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नोभेम्वर २०) को पावन अवसरमा बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) देश तथा विदेशमा रहनुभएका समस्त नेपाली बालबालिका तथा अभिभावकहरुमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछौं । आजकै दिन नेपालमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश शभा सदस्य निर्वाचन, २०७९ का लागि देशभर मतदान भैरहेको छ। यस सन्दर्भमा बाल संवेदनशीलता तथा बाल संरक्षणलाई विशेष ख्याल राख्दै देशभरको निर्वाचन सफल होस् भन्ने शुभेच्छा समेत प्रकट गर्दछौं। यसरी अन्तर्राष्ट्रिय बाल दिवस र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य चयन गर्ने निर्वाचन एकैदिन पर्नुलाई बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा प्रवर्धनका लागि नेपालले गरेको प्रतिवद्वताको समीक्षा गर्दै बाल अधिकारको व्यवहारिक कार्यान्वयनमा जोड दिन राष्ट्र, समाज एवम् परिवारबाट प्रतिवद्वतासहितको क्रियाशीलताका लागि आजको दिनलाई विशेष अवसरको रुपमा लिन हामी सबैमा हार्दिक आग्रह गर्दछौं ।

नेपालले सन् १९९० सेप्टेम्वर १४ का दिन संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धिलाइ अनुमोदन गरेपश्चात संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रुपमा प्रतिवद्व हुदै सरकारी निकाय, नागरिक समाज, विकास साझेदार तथा निजी क्षेत्रसँगको समन्वय र सहकार्य गरिरहेको जगजायर नै छ। फलस्वरुप बालबालिकाको विशेषगरी शिक्षा र स्वास्थ्यको क्षेत्रमा सकारात्मक सुधार हुनुका साथै बाल अधिकारबारे सरोकार तथा सचेतनामा बृद्दि भएका छन् । यद्यपि यी उपलब्धिहरु पर्याप्त छैनन्। बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७८ बमोजिमका संरचनाहरुको निर्माण हुन नसक्नु (प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञ, बालकोष लगायतका व्यवस्था), समाजमा व्याप्त सामाजिक हानिकारक अभ्यासहरुका कारण बालबालिकामाथि हिंसा तथा दुर्व्यवहार हुनु (बाल विवाह, छाउपडी), अभिभावक तथा संरक्षकहरुको कमजोर आर्थिक अवस्थाका कारण बालबालिका बालश्रमको जोखिममा रहनु, बालबालिकाको विषयसँग सम्बन्धित सरोकारवाला निकायहरुबीच (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय लगायत प्रदेश सरकार तथा स्थानीय तहहरु) समन्वय तथा सञ्चारका लागि प्रभावकारी सयन्त्र नहुनु तथा बालबालिकाका क्षेत्रमा सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुले गरेका प्रयासहरुको एकिकृत अभिलेख तथा बालबालिकाका विषयमा खण्डिकृत तथ्यांक नहुनु प्रमुख कठिनाइका रूपमा रहेका छन ।

यसैगरी बालबालिका लक्षित कानून निर्माणका समग्र प्रक्रियमा नागरिक समाजको रचनात्मक भूमिका तथा स्थान सुनिश्चित गर्नु, दवाव र प्रभावभन्दा माथि बालबालिकाका सवाल हुन्छन भन्ने मान्या स्थापित गर्नु, नीति, योजना र बजेटबीचमा सामञ्जस्यता कायम गर्नु तथा सन् २०३० सम्म बाल विवाह अन्त्यका लागि लगानी योजना तयार पार्नु नितान्त आवश्यक रहेको सिजपको ठम्याइ छ। यसैगरी बालबालिकाविरुद्व हुने हिंसा र दुर्व्यवहार अन्त्यका लागि बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ५७ बमोजिम बालसंरक्षण मापदण्डको तर्जुमा गर्नु तथा राजनीतिक प्रयोजनका लागि बालबालिका तथा विद्यालय प्रयोगको अभ्यासलाइ निरुत्साहित गर्दै बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन भन्ने मान्यतालाई थप सशक्त बनाउन समेत सिजप जोडदार माग गर्दछ। र अन्त्यमा, यस दिवसको अवसरमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि सम्बद्व सबैमा थप जिम्मेवारी, क्रियाशीलता र ऐक्यवद्वताको शुभकामना व्यक्त गर्दछौं।

राजेश शर्मा
अध्यक्ष

मीना शर्मा
महासचिव

मितिः २०७९ मङ्सिर ४ गते